सर्वोच्च अदालत, बृहत पूर्ण इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री विनोद शर्मा

माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल

माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

संक्षिप्त आदेश

०८०-CF-००१२

मुद्दा :- अदालतको अवहेलना।

सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे---------------------------१ प्रतिवेदक

विरुद्ध

काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम-------------------------------------------------------------१

ऐ.ऐ. कार्यालयका प्रकाशक युवराज कंडेल-----------------------------------१ प्रत्यर्थी

ऐ.ऐ. कार्यालयका कार्यकारी सम्पादक नवीन ढुंगाना-------------------------१

ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. ७ बस्ने राजकुमार तिमिल्सिना -१

१. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णय सुनाउने प्रयोजनार्थ आज इजलास समक्ष पेश भएको नेपालको संविधानको धारा १२८ को उपधारा (४) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) बमोजिम अदालतको अवहेलनाको विषय रहेको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

२. प्रतिवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिशंकर निरौला, श्री नरहरि आचार्य, श्री पूर्णमान शाक्य, श्री गोपालकृष्ण घिमिरे, श्री मेघराज पोखरेल तथा विद्वान अधिवक्ताहरु श्री राम बहादुर राउत, श्री मोहना अन्सारी, श्री धम्मलाल शर्मा, श्री किर्तीनाथ शर्मा पौडेल, श्री राजिव बास्तोला, श्री त्रिलोक बहादुर चन्द, श्री ज्ञानेन्द्रराज आरण, डा. श्री शिव कुमार यादव र प्रतिवेदककै तर्फबाटै उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान नायव महान्यायाधिवक्ता श्री टेक बहादुर घिमिरे तथा विद्वान उपन्यायाधिवक्ता श्री अमित उप्रेतीले गर्नु भएको बहस सुनी प्राप्त बहस नोटसमेत अध्ययन गरियो।

३. यसरी नै प्रत्यर्थी युवराज कंडेल र नविन ढुंगानाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री बालकृष्ण नेउपाने तथा विद्वान अधिवक्ताहरु श्री सुलभ खरेल, डा.श्री नारायणदत्त कंडेल, श्री बाबुराम अर्याल, श्री कपिलदेव ढकाल, श्री प्रदिप कुमार पोखरेल, श्री राजेन्द्र प्रसाद दङ्गाल र श्री मनिराम उपाध्याय तथा प्रत्यर्थी युवराज कंडेल, नविन ढुंगाना र राजकुमार तिमिल्सेनाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री ध्रुवलाल श्रेष्ठले गर्नु भएको बहस सुनी प्राप्त बहस नोटसमेत अध्ययन गरियो।

४. साथै यस अदालतको आदेशानुसार लिखित प्रतिक्रिया व्यक्त गर्ने हरि प्रसाद उप्रेती र किशोर कुमार विष्टको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रवी नारायण खनाल, हरि प्रसाद उप्रेतीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री जगन्नाथ महतो र श्री नारायण प्रसाद पराजुली तथा किशोर कुमार विष्टको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री प्रकाश बहादुर के.सी तथा विद्वान अधिवक्ताहरू श्री भोजराज आचार्य, श्री टिका बहादुर कुँवर र श्री शान्तिदेवी खनाल, श्री सुरेन्द्र काफ्ले र रामेश्वर थापाको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री ज्योती बानिया र श्री संकल्प बानियाले गर्नु भएको बहस सुनी प्राप्त बहस नोटसमेत अध्ययन गरियो।

५. यसमा सिधाकुरा नामक यूटुब लगायतका सामाजिक सञ्जालबाट मिति २०८१।०१।१४ गते र तत्पश्चात श्रृङ्खलावद्ध रुपमा अपलोड गरी प्रसारित **"४०० बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ्ग अपरेसन समेतको**

शिर्षक राखी कपोलकल्पित, भ्रामक तथा नियोजित ढङ्गले समाचार प्रकाशन गरी न्याय सम्पादनको कार्यमा अवरोध सृजना गरी अदालतको अवहेलना गरेको तथा स्वतन्त्र न्यायपालिका प्रतिको जनआस्थामा गम्भीर आँच पुऱ्याई अदालतको अवहेलना गरेकोले उक्त कार्यमा संलग्न सबैलाई हदैसम्मको सजाय गरी पाऊँ" भनी परेको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखियो। तत्पश्चात इजलासबाट प्रस्तुत निवेदन यस अदालतको फौजदारी दायरीमा दर्ता गर्नु भन्ने आदेशानुसार फौजदारी दायरीमा दर्ता भई प्रत्यर्थीहरुको बयान लिने, अडियोमा उल्लेख भएका व्यक्तिहरुको लिखित प्रतिक्रिया लिने र अडियोको प्राविधिक परीक्षण गराउने लगायतका आवश्यक कार्यविधि पुरा गरी विषयवस्तुको गम्भीरता र अन्तरबस्तुलाई दृष्टिगत गरी बढी न्यायाधीशको इजलासबाट न्यायिक व्याख्या हुनुपर्ने भनी संयुक्त इजलासबाट भएका आदेशानुसार यस बृहत पूर्ण इजलासमा निर्णयार्थ पेश हुन आएको देखियो।

६. मिसिल कागजात अध्ययन गरी प्रतिवेदक, प्रत्यर्थी र लिखित प्रतिक्रिया व्यक्त गर्ने व्यक्तिहरुबाट रहनुभएका विद्वान कानून व्यवसायीहरुको बहस सुनी, प्रस्तुत मुद्दामा संयुक्त इजलासबाट यस इजलासमा प्रेषित गर्दा उठाइएको विषय तथा प्रश्नहरुसमेतलाई दृष्टिगत गरी देहायका प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनुपर्ने देखियो।

१. **के कस्तो अवस्था भएमा अदालतको अवहेलना हुन्छ?**
२. **प्रेस स्वतन्त्रता र अदालतको अवहेलनाबीचको सीमा के कस्तो रहेको हुन्छ?**
३. **विवादित सामग्री के कस्तो प्रकारको छ र यो सामग्री अदालतको अवहेलनाजन्य प्रकृतिको छ वा छैन ? विवादित सामग्री प्रेस स्वन्त्रताको परिधि भित्र रहेको छ वा सो सीमा नाघी अदालतको अवहेलनाको क्षेत्रमा प्रवेश गरेको छ?**
४. **अदालतको अवहेलना मुद्दामा के कस्तो कार्यविधि हुन्छ? सो कार्यविधि र स्वच्छ सुनुवाईको प्रकृयालाई यस मुद्दामा अबलम्बन गरिएको छ वा छैन?**
५. **प्रस्तुत मुद्दामा दोहरो खतराको सिद्धान्त आकर्षित हुन्छ वा हुँदैन? यस अदालतको अवहेलना मुद्दामा भएको फैसलाबाट मातहत अदालतमा रहेका मुद्दामा प्रभाव पार्ने अवस्था हुन्छ वा हुँदैन?**
६. **प्रत्यर्थीहरुबाट अदालतको अवहेलना हुने कसूर भएको छ वा छैन? निजहरुलाई प्रतिवेदन मागबमोजिम अदालतको अवहेलनामा सजाय हुनु पर्ने हो वा होईन?**

७. पहिलो प्रश्न अर्थात **के कस्तो अवस्था भएमा अदालतको अवहेलना हुन्छ ?** भन्ने सम्बन्धमा हेर्दा, न्यायको प्रवाहमा हुन सक्ने अवाञ्छित हस्तक्षेपलाई नियन्त्रण गरी न्यायलाई

जीवन्त, प्रभावकारी र अक्षुण बनाउनका लागि अदालतको अवहेलनामा कारबाही गर्ने विषय अदालतको अन्तरनिहित अधिकारको रुपमा रहेको हुन्छ। यो अन्तरनिहित अधिकार अदालत आफ्नै लागि मात्र होइन। जनताको हक अधिकारको संरक्षण, विधिको शासनको स्थापना, मानव अधिकारको संरक्षण र प्रत्याभूति, संविधानवाद तथा लोकतन्त्रको रक्षाका लागि पनि हो। न्यायपालिका प्रतिको आस्था, विश्वास र भरोसा कायम राख्नको लागि न्यायिक काम-कारबाहीमा अवरोध सृजना हुनु हुँदैन। न्यायिक निर्णय, आदेश वा फैसलाको कार्यान्वयनको पनि कसैबाट अवज्ञा गरिनु हुँदैन। यस्तो भएमा अदालतको अवहेलनाको विषयमा कारबाही चलाई दोषीलाई सजाय गर्नु वाञ्छनीय हुन्छ। यसैले अदालतबाट सम्पादित हुने न्याय सम्पादनको कार्यमा कही कतैबाट पनि अवरोध गर्ने कार्य भएमा त्यस्तो अवरोध सैह्य हुन सक्दैन। अदालतको अवहेलनामा कारबाही चलाउने अदालतको आवश्यकताको मात्र विषय होइन। यो त न्याय प्रदान गर्ने गुरुत्तर जिम्मेवारी र दायित्व निर्वहन गर्ने क्रममा न्यायको अवरोधको अवस्थालाई नियन्त्रण गर्नु हो। अवहेलनाको कारबाही न्याय सम्पादनको कार्यलाई निर्बाध र सुचारु बनाउनका लागि बाध्यात्मक परिस्थितिमा गरिने कारबाही हो। यही आलोकमा नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा *सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने* संवैधानिक व्यवस्था रहेको छ। यसरी नै न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) ले पनि *सर्वोच्च अदालतले आफ्नो र उच्च अदालत वा जिल्ला अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा सजाय गर्न सक्ने* कानूनी व्यवस्था गरी यस अदालतलाई अधिकार प्रदान गरेको छ।

८. उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाबाट मूलतः न्याय सम्पादनमा हुने अवरोध र आदेश वा फैसलाको अवज्ञालाई अदालतको अवहेलनाको रुपमा मानेको देखिन्छ। यस मुद्दाका सम्बन्धमा न्याय सम्पादनको कार्यमा अवरोधको सृजनाको विषय सन्निहित रहेकाले के कस्तो अवस्था भएमा न्याय सम्पादनको कार्यमा अवरोधको अवस्था हुन्छ भन्ने सम्बन्धमा दृष्टिगत गर्नुपर्ने देखियो। न्याय सम्पादनको कार्यमा अवरोध भौतिक रुपमा वा अदालत प्रतिको विश्वससनियता वा जनआस्थामा हानी पार्ने कार्य जस्तो अभौतिक रुपमा पनि हुन सक्छ। आम जनसाधारणलाई भ्रम सृजना हुने र अदालतप्रति जनआस्थामा

आघात पार्ने गरी कसैले भ्रामक वा झुठा वा स्वकल्पित वा स्वःसृजित वा अफवाहजनक सामग्री तयार गरी त्यस्तो सामग्री प्रकाशन वा प्रशारण गरेमा वा अभिव्यक्ति दिएमा त्यसले अदालत प्रतिको विश्वसनीयतामा आँच आउने भई यस्ता कार्यले आम मानिसको न्यायमा पहुँच र न्याय सम्पादनमा अवरोधको अवस्था सृजना गर्दछ। साथै, बोलेर वा लेखेर वा स्वःकल्पित वा कुनै प्रकारको भ्रामक र कपोलकल्पित हल्ला फिँजाई कलुषित भ्रम फैलाउने कार्यबाट पनि अदालतको जनआस्थामा आघात पार्ने हुँदा त्यसबाट पनि न्यायमा अवरोध पुग्दछ। वस्तुतः कसैले कुनै पनि किसिमले अदालतबाट न्याय सम्पादन हुने कार्यका बारेमा गलत प्रचार गरी जनआस्था घटाउने कार्य गर्दछ भने त्यस प्रकारको कार्यले न्यायमा अवरोध सृजना गर्ने भएकाले त्यस्तो कार्यलाई अदालतको अवहेलनाजन्य कार्य मान्नु पर्ने हुन्छ।

९. के कस्तो कार्य भएमा न्यायको अवरोध सृजना हुन्छ भन्ने सम्बन्धमा यस अदालतबाट व्याख्याहरु हुँदै आएको अवस्थासमेत छ। यस अदालतबाट **थिरप्रसाद पोखरेल विरुद्ध विमर्श प्रकाशन (प्रा.) लि. का निमित्त प्रकाशक एवं सम्पादक हरिहर विरही भएको अदालतको अवहेलना मुद्दामा** भएको व्याख्या यहाँ उल्लेख गर्न सान्दर्भिक देखियो।[1]

**कानुनबमोजिम अदालतबाट न्याय सम्पादन गर्ने वा न्यायको माग गर्ने वा त्यसमा कानुन बमोजिम सहयोग वा सकृय रहने कार्यमा बाधा अवरोध वा अनुचित प्रभाव पार्ने वा अदालत वा न्यायाधीशको सम्मान वा मर्यादा वा प्रतिष्ठामा आघात पुऱ्याउने जुनसुकै कार्य वा आचरणलाई अदालतका अवहेलना हुने कार्य वा आचरण भन्न सकिन्छ। मूल रुपमा अदालतको आज्ञा, आदेश वा फैसलाको अवज्ञा वा निरादर गर्नु जनसाधारणमा अदालत वा त्यसबाट हुने न्याय प्रशासनको कार्य प्रति अविश्वास वा अनास्था हुने वा हुन सक्ने कुनै कार्य गर्नु वा अदालत वा अन्य कुनै प्रकारले अदालतको सम्मान मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने कुनै कार्य गर्नु अवहेलनाजनक कार्य हुन्छ। त्यस्तै गरी न्यायाधीशप्रति जनसाधारणको भावना प्रतिकूल वा शंकायुक्त हुने वा हुनसक्ने कुनै कार्य गर्नु वा न्यायाधीशको निष्पक्षता सदविवेक वा कार्य क्षमतामा कुनै प्रकारको शंका उठाउनु वा त्यस्तो शंका उत्पन्न हुनसक्ने वातावरणको श्रृष्टि गर्नु वा न्यायाधीशलाई स्वतन्त्र र निर्भिकतापूर्वक आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गराउने कुनै कार्य गर्नु वा कुनै**

[1] ने.का.प. २०४९(ग), अंक ८, नि.नं. ४६०४

प्रकारले न्यायाधीशको मर्यादा सम्मान वा प्रतिष्ठामा आघात पर्न सक्ने कुनै कार्य अवहेलनाजनक हुन्छ।

१०. सन्तोष भट्टराई विरूद्ध हिमाल मिडिया प्रा.लि. का प्रकाशक कनकमणि दिक्षीत समेत भएको अदालतको अवहेलना मुद्दामा देहायबमोजिमका कार्य अदालतको अवहेलना मान्नुपर्ने भनी व्याख्या भएको छ।[२]

अदालतको अवहेलना सम्बन्धमा व्यवस्थापिकाले हालसम्म कुनै कानून बनाएको देखिदैन।के कस्तो कामले अदालतको अवहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थिति अनुसार अदालत आफैले ठहर गर्ने कुरा हो। मान्य सिद्धान्त अनुसार अदालतको निर्णय वा आदेशको जानाजान **Willful** अवज्ञा गर्ने, बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिँजाई अनास्था पैदा गरी काण्ड मच्याउनु अर्थात **Scandalize** गर्ने कार्य, बोलेर, लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने कार्य वा न्याय प्रशासनमा अवरोध गर्ने, अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने कार्य गर्ने, मुद्दाका पक्ष, साक्षी तथा अदालतका कर्मचारीलाई बाधा बिरोध गर्ने कार्य र अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्य। यी अवस्थामात्र होइन अवस्था अनुसार बिभिन्न अन्य कार्यले पनि अदालतको अवहेलना हुन सक्छ।

११. रत्नकुमारी श्रेष्ठ विरूद्ध कान्तिपुर कम्प्लेक्स, सुविधानगर, काठमाडौं स्थित राष्ट्रिय दैनिक कान्तिपुर पब्लिकेसन (प्रा.) लि. का प्रधान सम्पादक सुधिर शर्मासमेत भएको अवहेलना मुद्दामा भ्रामक हल्ला फिजाई काण्ड मच्चाउने कार्य अवहेलनाजन्य कार्य हुने भनी व्याख्या भएको छ।[३]

सामान्यतः प्रेस तथा सञ्चार माध्यमले आफ्नो प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिँजाई अनास्था पैदा गरी काण्ड मच्चाउने **(Scandalize)** कार्य गर्दछन् भने त्यस प्रकारको कार्यलाई अवहेलनाजन्य कार्य मानिन्छ। न्यायपालिकाको शक्ति भनेको यसप्रतिको नागरिकको आस्था र विश्वास हो तर जब कुनै प्रकारको भ्रामक र कपोलकल्पित हल्ला फिँजाई यसका कामकारबाहीको सम्बन्धमा गलत प्रचार गरी जनआस्था घटाउने र कार्यरत न्यायाधीश तथा कर्मचारीहरुको मानहानी वा बदनामी गर्ने कार्य गरिन्छ त्यसप्रकारको कार्यलाई अदालतको अवहेलना मान्नु पर्ने हुन्छ।

---

[२] ने.का.प. २०६४, अंक ४, नि.नं. ७८४०

[३] ने.का.प. २०७६, अंक १०, नि.नं. १०३७०

१२. नेत्रबन्धु पौड्यालविरूद्ध त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा कार्यरत डा. गोविन्द के.सी. भएको अदालतको अवहेलना मुद्दामा सात जना न्यायाधीस सम्मिलित बृहत पूर्ण इजलासबाट कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्ध गर्ने, अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्ने र न्यायपालिकाको प्रतिष्ठा गिराउने लगायतका कार्य अदालतको अवहेलना हुने भनी स्पस्ट रुपमा देहायको व्याख्या भएको छ।[४]

**प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्ध गर्छ; अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्न खोज्छ वा अदालत र यसमा संलग्न न्यायाधीश वा कर्मचारी, मुद्दाका पक्ष र कानून व्यवसायीलाई न्यायको मार्गबाट विचलित गर्ने मनसायका साथ काम गरेको छ, दूषित मनसायका साथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने कार्य गरेको छ भने त्यस्तो कार्य अवश्य पनि अवहेलनाको विषय बन्दछ र यस्तो काम कारबाही रोक्ने र दोषीउपर सजाय गर्ने अधिकार अदालतले राख्दछ।**

१३. कतिपय मुलुकमा के कस्तो कार्य अदालतको अवहेलना हुने भनी कानूनमा नै परिभाषित गरेको देखिन्छ। तर हामीकहाँ अदालतको अवहेलनाको छुट्टै विशेष कानून नरहे पनि नेपालको संविधान र प्रचलित कानूनले आदेश वा फैसलाको अवज्ञा र न्याय सम्पादनको कार्यको अवरोधलाई अदालतको अवहेलना हुने भनी संवैधानिक र कानूनी व्यवस्था गरेको अवस्था छ। अदालतको आदेश वा फैसलाको अवज्ञा तथा न्याय सम्पादनको कार्यमा अवरोध यी दुई कार्य भएको छ छैन भन्ने विषय हरेक मुद्दामा रहेको अवहेलनाको विषयवस्तु, तथ्य, प्रकृति, गम्भीरता र यसको सत्यतामा निर्भर रहने हुन्छ। त्यस्तो कार्यले अदालतको स्वच्छता, स्वतन्त्रता र निष्पक्षताउपर आँच पुगेको छ छैन, न्यायिक कार्यहरू प्रति आम जनसमुदाय वा सर्वसाधारणमा भ्रम श्रृजना गर्ने कार्य गरेको छ छैन र त्यसबाट न्यायालयको प्रतिष्ठामा गम्भीर क्षति पुगेको छ छैन भन्ने जस्ता पक्षहरुलाई हेरी प्रत्येक मुद्दाका सम्बन्धमा बस्तुनिष्ठ आधारमा मुल्याङ्कन र विश्लेषण गरी अवहेलना भए नभएको निष्कर्षमा पुगिने विषय हो। यस अदालतले यही मान्यताका आधारमा हरेक मुद्दामा रहेका अवहेलनाको विषयवस्तु र प्रकृतिका आधारमा व्याख्या गरी अवहेलनाको न्यायिक विधिशास्त्र विकास गर्दै आएको छ।

[४] ने.का.प. २०७८, अंक २, नि.नं. १०६३९

१४. यसरी अवहेलना सम्बन्धी विकास भएको हाम्रो न्यायिक विधिशास्त्रलाई सुक्ष्मतम रुपमा नियाल्दा, अदालतको आदेश वा फैसलाको अनादर गरेमा वा अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारबाहीका सम्बन्धमा जनसाधारणमा अदालत वा अदालतबाट हुने न्याय प्रशासनको कार्यप्रति भ्रम सिर्जना गरेमा, अदालत प्रति भ्रामक हल्ला फिंजाई अनास्था पैदा गरी कलुषित भ्रम फैलाउने वा अनास्था सृजना हुने अन्य कुनै कार्य गरेमा, कुनै प्रकारले अदालतको सम्मान, मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने कार्य गरेमा वा न्यायाधीशको निष्पक्षता र निजको सद्विवेकमा कुनै प्रकारको गलत आक्षेप लगाएमा वा अन्य कुनै झुठा कुराका आधारमा न्यायाधीशको मर्यादा, सम्मान वा प्रतिष्ठामा आघात पर्न सक्ने कुनै कार्य गरेमा वा न्यायाधीशलाई स्वतन्त्र र निर्भिकतापूर्वक आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गराउने कार्य गरेमा वा न्याय प्रशासनको कार्यमा लागेका अदालतका कर्मचारी वा मुद्दा मामिलाका सम्बन्धमा कुनै कानून व्यवसायीलाई अनुचित बाधा वा अवरोध उत्पन्न गराएमा वा डर त्रासमा पारेमा, अदालतमा विचाराधीन रहेको मुद्दा मामिलामा अनुचित प्रभाव पार्न वा पर्न सक्ने गरी कुनै कुरा व्यक्त गरेमा र कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्ध गर्ने कार्य जस्ता काम अदालतको अवहेलनाको विषयवस्तु हुने भनी विभिन्न मुद्दामा व्याख्या भई अवहेलनाजन्य कार्यको स्वरुपको मूलभूत चित्र कोरेको वा अवहेलनाजन्य कार्यलाई मुखरित गरेको देखिन्छ। विभिन्न मुद्दामा गरिएको व्याख्याबाट अदालतको अवहेलना हुने गरी समेटिएका वा अनुपूरित भएका ती अवेहलनाजन्य कार्यहरुलाई अन्यथा भन्नु पर्ने अवस्था छैन। वस्तुतः अवहेलना हुने यस्ता अवस्था वा तत्वहरुको निश्चित सूची निर्दिष्ट गर्दा वा यस्तो कार्यको निश्चित सिमाङ्कन गर्दा अपुरो वा अपर्याप्त हुने भएकाले यो कुरा अदालतको अवहेलनाको विवादको अन्तरवस्तु र प्रकृतिलाई हेरी प्रत्येक विवादको निरुपणका दौरानमा इजलासबाट व्याख्या गर्दै निर्दिष्ट र निरुपण गरिने विषय हो।

१५. प्रत्यर्थी तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरुले अदालतको अवहेलनाको कारवाही हुन मनसाय आवश्यक हुने भनी बहसमा जिकिर लिनु भएको छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको पहिचान हुन्छ। अपितु, कार्यबाट अवहेलना भएको प्रत्यक्ष रुपमा देखिएको छ भने प्रत्यर्थीको अवहेलना गर्ने मनसाय थियो वा थिएन भन्ने प्रश्न गौण रहने हुन्छ। यस्तो अवस्थामा अवहेलनाको मुद्दामा मनसाय महत्वपूर्ण हुँदैन र मनसाय नभएको जिकिरले अवहेलनाजन्य कार्यको दायित्वबाट उन्मुक्ति पाउने अवस्था हुँदैन।

१६. दोस्रो प्रश्न अर्थात **प्रेस स्वतन्त्रता र अदालतको अवहेलनाबीच के कस्तो सीमा रहेको हुन्छ?** भन्ने सम्बन्धमा हेर्दा, प्रेस तथा सञ्चार माध्यम आम नागरिकलाई सुसुचित गराउने भएकाले सञ्चार माध्यमले प्रवाह गर्ने सत्य सूचना लोकतान्त्रिक मुलुकमा निकै महत्वपूर्ण हुन्छ। प्रेसबाट प्रवाहित हुने सत्य समाचारले नागरिक अधिकारको प्रत्याभूति, सुशासन कायम गर्ने र यस अदालतका काम कारबाहीहरु सहि ढंगले संप्रेषित गर्ने कुरामा पनि मद्दत पुग्दछ। यसैले प्रेस स्वतन्त्रता तथा सञ्चारको हकलाई संरक्षित गर्नुपर्ने कुरामा कसैको बिमति हुन सक्दैन। प्रेसको भूमिकालाई जसरी महत्वपूर्ण मानिन्छ त्यसरी नै प्रेस वा आम सञ्चारका माध्यबाट प्रवाहित हुने समाचार सत्य हुनुपर्ने कुरामा पनि कसैको बिमति रहन्छ भन्ने लाग्दैन। सञ्चार माध्यमले समाचारहरु प्रशारण वा प्रकाशन गर्दा एकातर्फ आफ्ना प्रेस स्वतन्त्रताका अधिकारहरुको उपभोग गर्दछन् भने अर्कोतर्फ अदालतको अवहेलना गर्न नहुने कर्तव्य पनि साथसाथै निर्वाह गर्नु पर्ने हुन्छ। प्रेस वा सञ्चार माध्यले प्रेस स्वतन्त्रका अधिकार प्रयोग गर्दा अदालतको अवहेलना गर्न नहुने कुरा कदापी बिर्सनु हुँदैन। साथै, सत्य समाचारहरु प्रकाशन प्रशारण गरिएको छ वा अदालतको जनआस्थामा असर पार्ने कार्य गरेको छैन भने प्रकाशित वा प्रशारित जुनसुकै समाचारको विषयमा अदालतको अवहेलनामा कारबाही चलाउन उद्दत हुनु हुँदैन। मूलतः प्रेस स्वतन्त्रता र अदालतको अवहेलनामा कारबाहीको विषय सन्तुलित र वान्छित सीमामा रही प्रयोग हुनुपर्छ। यही नै यस अदालतको मान्यता रहदै आएको छ।

१७. सञ्चार माध्यमबाट प्रवाह वा प्रशारण वा प्रकाशन गरिएको कुनै असत्य वा भ्रामक सामग्री रहेछ भने त्यसले अदालत, न्यायिक प्रकृया र समग्र न्यायप्रणाली प्रति भ्रम र अनास्था पैदा गरी अदालतको गरीमा र मर्यादामा आँच पु-याउने तथा अदालतको न्याय सम्पादन सम्बन्धी कार्यमा अवरोध गर्ने भएकाले त्यस्तो कार्य निसन्देह रुपमा अदालतको अवहेलना हुने हुन्छ। यसरी नै आम जनसाधारणमा अदालत वा अदालतबाट सम्पादित हुने वा भएका कार्य प्रति गलत र भ्रामक समाचार प्रकाशन वा प्रशारण गरिन्छ र त्यसले अदालतप्रति अविश्वास, भ्रम वा अनास्था हुने वा हुन सक्ने कुनै कार्य हुन्छ भने त्यस्तो कार्यलाई पनि न्यायमा अवरोधको रुपमा लिनु पर्ने हुन्छ। साथै, गलत समाचार सम्प्रेषण गरी न्यायकर्मीलाई हतोत्साहित गरिन्छ वा न्यायमा अनास्था पैदा गरिन्छ वा न्याय कमजोर हुने वा न्याय सम्पादन गर्न उदासीन रहने अवस्था सृजना गरिन्छ भने त्यसबाट पनि न्यायमा अवरोधको अवस्था सृजित हुन पुग्छ।

१८. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्दा अरुको अधिकार वा प्रतिष्ठाको सम्मान, राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ।[५] यस सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले संसदको विशेषाधिकार तथा अदालतको अवहेलना हुने कुरामा यस्तो विचार र अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउन सकिने भनी सामान्य टिप्पणीमा व्याख्या गरेको देखिन्छ।[६]

१९. नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) ले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रत्याभूत गरेको एवम् ऐ. धारा १९ ले सञ्चार माध्यमलाई श्रव्य दृष्य सामग्री प्रकाशन गर्न पाउने सञ्चारको हकको प्रत्याभूति गरेको पाइन्छ। त्यस्तो हक निरपेक्ष नभई नियन्त्रित हुने भनी संवैधानिक प्रावधान रहेकै छ। यसबाट व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता वा प्रेस स्वतन्त्रता अपरिमित वा असिमित वा निरपेक्ष प्रकृतिको देखिंदैन। अदालतबाट सम्पादित हुने वा भएका कार्यसँग सम्बन्धित समाचार लेख वा सामग्री प्रकाशन र प्रशारण गर्दा अप्रमाणित, असत्य, भ्रामक र तथ्यहीन समाचार प्रकाशन तथा प्रशारण भएमा त्यसले अदालतप्रतिको जनआस्थामा गम्भीर रुपमा आघात पारी न्यायमा नै अवरोध सृजना हुने र त्यो कुरा अदालतको अवहेलना हुने कुरालाई सञ्चार माध्यमले सदैव हृदयंगम गर्नु पर्छ। यसका साथै न्यायमा अवरोधको अवस्था सृजना नभएमा मात्र प्रेस स्वतन्त्रता अक्षुण र जीवन्त रहन्छ भन्ने कुरा पनि सञ्चार माध्यमले हेक्का राख्नु पर्दछ।

२०. सत्यप्रति दायित्व, प्रमाणीकरणको अनुशासन र स्वतन्त्रता[७] जस्ता विषय पत्रकारिताका आधारभुत सिद्धान्त हुन्। नेपालमा पत्रकार आचारसंहिता, २०७३ ले पत्रकारको आचरणका सम्बन्धमा व्यवस्था गरेको छ। यस आचार संहिताको दफा ४ मा पत्रकार तथा सञ्चारमाध्यमले स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नुपर्दछ। पत्रकार तथा सञ्चारमाध्यमले सूचना वा जानकारीको संकलन र संप्रेषण सभ्य र शिष्ट रूपमा गर्नुपर्दछ भन्ने व्यवस्था गरिएको छ। यसरी नै दफा ५(११) ले पनि पत्रकार तथा सञ्चारमाध्यमले

[५] धारा १९

[६] General Comment No.34: Article 19: Freedoms of opinion and expression,

[७] https://americanpressassociation.com/principles-of-journalism/ हेरिएको मिति २०८१।५।३० यसमा पत्रकारीताका नौ वटा मुख्य सिद्धान्त हुने भनी उल्लेख भएको देखिन्छ। जसमा Journalism's first obligation is to the truth, Its first loyalty is to citizens, Its essence is a discipline of verification, Its practitioners must maintain an independence from those they cover लगायतका सिद्धान्त उल्लेख छन्।

न्यायिक निकायमा विचाराधीन मुद्दाको स्वच्छ सुनुवाइ प्रक्रिया वा निर्णयमा प्रतिकूल असर पार्ने गरी कुनै पनि सामग्री सम्प्रेषण गर्नु हुँदैन भनी व्यवस्था गरेको देखिन्छ। नेपालमा सामाजिक सञ्जालको नियमन गर्ने उद्देश्यले **सामाजिक सञ्जालको प्रयोग व्यवस्थापन निर्देशिका, २०८०** जारि भएको देखिन्छ। नेपालमा प्रिन्ट र विधुतीय मिडिया सँगै पछिल्लो समयमा सामाजिक संजालमा आधारित विधुतीय (Digital) पत्रकारिताको विधा पनि विकास भएको पाइन्छ। यस निर्देशिकाका मुख्य प्रावधानहरुमा सञ्चार तथा सुचना प्रविधि मन्त्रालयमा सामाजिक सञ्जाल प्लेटफर्महरुको अनिवार्य सूचीकरण गर्नुपर्ने लगायतका व्यवस्था रहेका छन्। यस निर्देशिकाको दफा ४ मा सामाजिक सञ्जाल प्रयोगकर्तले गर्न वा गराउन नहुने कार्य अन्तर्गत बेनामी पहिचान सृजना गर्ने, मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमोड गरी प्रकाशन गर्ने, घृणा फैलाउने, साइबर बदमासी वा नेपालको सार्वभौमसत्ता बिरुद्धका गतिविधिहरु लगायत अन्य प्रतिबन्धित सामग्रीहरु प्रकाशन गर्न अनुमति दिन निषेध गरिएको छ। त्यसैगरी, प्रयोगकर्ताहरुलाई पनि यस्ता सामग्रीहरु पोस्ट गर्न वा त्यस्ता सामग्रीसँग अन्तरक्रिया गर्न निषेध गरिएको छ।

२१. सञ्चार माध्यम र अदालत दुवै फरक ढंगले नागरिक हकको संरक्षणमा क्रियाशील हुने संस्था हुन्। प्रेस स्वन्त्रतालाई संरक्षित र अक्षुण कायम राख्नु पर्ने कुरामा कुनै द्वविधा नरहेको र अदालत त्यसको संरक्षक र साधकको रुपमा निरन्तर रुपमा संवैधानिक दायित्व निर्वाहमा सजग छ। यसै भएर यो अदालत प्रेस स्वतन्त्रता अक्षुण रुपमा कायम हुनुपर्ने कुरामा सदैव सचेत रही अदालतको अवहेलनाका विषयमा अत्यन्तै सहिष्णुता, लचकता, नमनशीलता र सहनशीलता अपनाउँदै आएको छ। यस अदालतले अदालतको अवहेलनामा हदैसम्मको आत्मसंयता समेत कायम राख्दै आएको कुरामा कुनै विवाद छैन। प्रेस स्वतन्त्रताका पक्षमा अदालत सदैव अविचलित रुपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको कुरा स्पस्ट छ। विचार र अभिव्यक्ति, सूचना तथा सञ्चारको हकसम्बन्धी विषयलाई र न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अवहेलनामा कारबाही चलाउने कुरालाई सन्तुलन कायम गर्नुपर्ने तथा प्रेस स्वतन्त्रता र अदालतको अवहेलना विचको वाञ्छित हद कायम हुनुपर्ने यस अदालतले मान्यता पनि राख्दै आएको छ। अदालत स्वभावैले सहनशील हुन्छ। अदालत प्रतिक्रियात्मक पनि हुँदैन। यसले हतपत्ती सञ्चार माध्यममा प्रवाह भएका अदालतसंग सम्बन्धित प्रायजसो समाचारहरुका पछाडी पनि लाग्दैन। अदालतबाट लामो समयदेखि

स्थापित र अवलम्बित यस मान्यता भन्दा बाहिर जाने अदालतको उद्देश्य र अभिप्राय हुँदैन, छैन। अदालतले त्यस्तो अभिष्ट वा अभिलाषा कहिल्यै राख्दैन।

२२. अदालतले अवहेलनामा बान्छित हदको सहनशीलता कायम राख्दै आएको छ भन्दैमा आफ्नो सीमालाई चटक्क बिर्सि वा आफ्नो लक्ष्मण रेखा नाघी अदालतको अवहेलना हुने गरी कार्य गर्न प्रेस स्वतन्त्रताको रक्षाकवच स्वीकार्य हुन सक्दैन। सञ्चार माध्यमबाट भएको अवहेलनाजन्य कार्यमा अदालत चुप लागेर बस्नुपर्छ भन्ने होइन। अदालत जहिले सुकै सहनशीलता वा आत्मसंयतताका नाममा मुकदर्शन भएर बस्नुपर्छ भन्ने कुरा मान्य हुँदैन। यस अदालतबाट यस अघि सञ्चार माध्यमबाट गरिएको अवहेलनाजन्य कार्यमा कारबाही गरिनु हुदैन भनी कुनै पनि फैसलामा बोलेको अवस्था पनि छैन। बरु जब सञ्चार माध्यमले आफ्नो सीमा वा लक्ष्मण रेखा पार गरी अदालत प्रतिको जनआस्थामा प्रतिकुल प्रभाव पर्ने गरी स्वच्छन्दतापूर्वक भ्रामक र मिथ्या सामग्री प्रकाशन वा प्रशारण गर्ने वा भ्रामक र कपोलकल्पित हल्ला फिंजाई कलुषित भ्रम सृजना गर्ने जस्ता कार्य गरी न्यायमा अवरोध उत्पन्न गरी अदालतको अवहेलना गर्ने कार्य गर्दछ भने त्यस्तो कुरा सैह्य र क्षम्य हुन नसक्ने भन्ने नै यस अदालतलबाट न्यायिक बिधिशास्त्र विकास हुँदै आएको बस्तुतथ्य हो। मूलतः प्रेस स्वतन्त्रताको आवरणमा त्यसको बान्छित सीमा नाघी अदालतको अवहेलना गर्ने छुट कसैलाई हुन सक्दैन। त्यसो गरिएमा अदालतको अवहेलनामा कारबाही गर्ने संवैधानिक दायित्वबाट अदालत पन्छीन हुँदैन भन्ने आफ्नो जिम्मेवारी प्रति अदालत सचेत छ। यस्तो अवस्थामा अदालतको अवहेलनामा कारबाहीको संवैधानिक र कानूनी व्यवस्था क्रियाशील हुन्छ।

२३. प्रेस स्वतन्त्रता र अदालतको अवहेलना बीचको परिसीमनको चर्चा गर्दा प्रेस स्वतन्ताको कुरा के कस्तो अवस्थामा सीमातित हुन्छ वा सीमाको उल्लंघन हुन्छ भनी नियाल्नु पर्छ। यसरी नियाल्दा, प्रेस वा सञ्चार माध्यम जुन बिन्दुबाट अदालतको अवहेलनाको बिन्दुमा प्रवेश गर्छ त्यही बिन्दुबाट आफूले प्रकाशन वा प्रशारण गरेको त्यस्तो सामग्रीका सम्बन्धमा प्रेस स्वतन्त्रताको दाबीको निरन्तरता कायम रहन नसकी परास्त वा निस्तेज हुन पुग्छ। कसैले गरेको कार्य वा अभिव्यक्ति वा प्रकाशन वा प्रशारण प्रेस स्वतन्त्रताका हदमा मात्र सीमित छ वा अदालतको अवहेलनाको क्षेत्रमा प्रवेश गरेको छ भन्ने परीक्षण गर्न संवैधानिक रुपमा अदालत स्वतन्त्र, स्वायत्त, सक्षम र अधिकार सम्पन्न छ। प्रेस स्वतन्त्रता र अदालतको अवहेलनाबिचको सीमा र सन्तुलनको परीक्षण गर्ने पनि अदालत नै हो। वाक र प्रकाशन स्वतन्त्रता वा प्रेस स्वतन्त्रताको हकले अदालतको अवहेलनामा सीमातित हुने अधिकार

प्रदान गरेको छ भनी वा आफ्नो स्वतन्त्रताको सीमारेखा उल्लंघन गर्ने छुट प्रदान गरेको छ भनी कसैले पनि बलपूर्वक अर्थ गर्न वा व्याख्या गर्न मिल्दैन। अदालतको अवहेलना हुने गरी प्रेस स्वतन्त्रताको अपरिमित वा निरपेक्ष हकको दावी गर्नु संविधान अनुकुल हुँदैन।

२४. अहिले परम्परागत रुपमा हुँदै आएका छापा माध्यम (print media) मात्र नभई विद्युतीय माध्यमको पछिल्लो स्वरुप सामाजिक संजालमा आधारित पत्रकारिकताको उदय र विकास भएको छ। यस परिप्रेक्षमा ततसम्बन्धमा पनि संक्षिप्त रुपमा यहाँ चर्चा गर्न सान्दर्भिक देखिन्छ। परम्परागत सञ्चार माध्ययले भन्दा विद्युतीय माध्यमबाट प्रवाहित हुने समाचारहरु व्यापक र शीघ्र रुपमा Viral भई आम जनसमुदायमा पुग्ने वा सार्वजनिक हुन्छन्। युट्युबको दृश्य र श्रव्यले समाचारलाई आकर्षित रुपमा प्रस्तुत गरेको हुन्छ। जसले गर्दा एकातर्फ सूचनाहरु आम मानिस सामु संप्रेषण गर्न यस्ता विद्युतीय सामग्रीको महत्वपूर्ण भूमिका रहेको देखिन्छ भने अर्कोतर्फ गलत, दुर्भावनापूर्ण, अफवाहजनक सूचना वा हल्ला फैलाउने जस्ता नकारात्मक पक्षहरु पनि देखिएका छन्। विद्युतीय सामग्रीहरुले प्रकाशन प्रशारणमा शुद्धता भन्दा तिव्रतालाई (speed over accuracy) प्राथमिकता दिने र प्रकाशन-पूर्व प्रमाणीकरण भन्दा प्रकाशन-पश्चात सुधार गर्नेमा ध्यान दिने जस्ता अभ्यास विकास हुँदै आएका छन्, जुन निरुत्साहित हुनु पर्छ। विद्युतीय माध्यमले समाचारको सत्यता तथा शुद्धतामा दृष्टिगत गर्नुपर्ने र प्रकाशन प्रशारणपूर्व समाचारको प्रमाणीकरण गर्नुपर्ने कुरालाई अवलम्बन गर्न आवश्यक र अनिवार्य हुने हुन्छ।

२५. विद्युतीय सामग्रीहरुको प्रकाशन प्रशारणमा शुद्धता भन्दा तिव्रतालाई (speed over accuracy) प्राथमिकता दिने यो परिवर्तनले नयाँ समस्या तथा दुविधाहरु ल्याएको पाइन्छ। यसमा प्रमुख समस्या भनेको गलत सुचना (misinformation)[८] नक्कली समाचार (disinformation)[९] प्रसारित हुने समस्या देखा परेका छन्। डिजिटल मिडियाको दुरुपयोग र अडियो भिडियोलाई हेरफेर गरेर कृत्रिम सामग्री सिर्जना गर्न सकिने डीपफेक (deep fake) प्रविधिको गलत प्रयोग भई न्यायिक कारबाहीमा बाधा पुऱ्याउन सक्ने अवस्था हुन्छ। यसरी गलत र नक्कली समाचार संप्रेषण हुँदा यस्ता गलत र नक्कली सुचना डिजिटल प्लेटफर्महरुमा सजिलै भाइरल भई आम मानिसमा भ्रम श्रृजना हुने र यस्ता सामग्रीहरुबाट अदालतको जनआस्था, स्वतन्त्रता, विश्वसनीयतामा र न्याय सम्पादनको कार्यमा गम्भीर आघात पर्ने देखिन्छ।

[८] wrong information, or the fact that people are misinformed

[९] A form of propaganda involving the dissemination of false information with the deliberate intent to deceive or mislead

यसैले गलत वा नक्कली समाचार प्रकाशन प्रशारण हुन नहुने कुरालाई परम्परागत रुपमा हुँदै आएका सञ्चार माध्यम र प्रविधिको विकाससंगै विकसित जुनसुकै प्रकृतिको विद्युतीय सञ्चार माध्यमले पालना गर्नु अनिवार्य हुन्छ। यदी यस कुराको विपरित कार्य भएमा त्यसले प्रेस स्वतन्त्रताको परिसिमन उल्लंघन गरी अदालतको अवहेलना हुन पुग्छ।

२६. यस अदालतबाट **सन्तोष भट्टराई विरूद्ध हिमाल मिडिया प्रा.लि. का प्रकाशक कनकमणि दिक्षीत समेत भएको अदालतको अवहेलना मुद्दामा** वाक तथा प्रकाशन प्रशारण र छापाखाना सम्बन्धि स्वतन्त्रताको हकको उपभोग र अदालतको अपहेलनामा हुने सजायको सन्तुलन सम्बन्धमा देहायको सिद्धान्त कायम भएको छ। [१०]

> **वाक तथा प्रकाशन स्वतन्त्रता वा छापाखाना तथा प्रकाशनको हकको आडमा गलत, भ्रामक र झुठा आरोप लगाई सम्पूर्ण न्यायपालिका प्रति नै जनआस्था नहुने कार्य गरी Scandalize गर्ने छुट र स्वतन्त्रता कसैलाई पनि प्राप्त हुन सक्दैन। अभिलेख अदालतको हैसियतले अदालतको अपहेलनामा अपहेलना गर्नेलाई सजाय गर्न सक्ने अदालतको अन्तरनिहीत अधिकार न्याय सम्पादनको एक मात्र आधार नै जनविश्वास भएको संस्था अदालतलाई Scandalize गर्ने उपर अन्तिम अस्त्रको रुपमामात्र प्रयोग गर्नुपर्छ। नागरिकहरूको वाक तथा प्रकाशन प्रशारण र छापाखाना सम्बन्धि हकको उपभोग र अदालतको अपहेलनामा हुने सजायको सन्तुलन नै यस्तो अवस्थामा गर्नपर्ने हुन्छ।**

२७. **थिरप्रसाद पोखरेल विरुद्ध विमर्श प्रकाशन (प्रा.) लि. का निमित्त प्रकाशक एवं सम्पादक हरिहर** विरही **भएको अदालतको अवहेलना मुद्दामा** भएको व्याख्या यहाँ उल्लेख गर्न सान्दर्भिक देखियो। [११]

> **हाम्रो मुलुकमा मात्र हैन अन्य प्रजातान्त्रिक मुलुकमा समेत विचार तथा अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस सम्बन्धी हक निश्चित सीमाभित्र आवद्ध गरिएको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रताले अदालतको अवहेलना गर्ने छूट प्रदान गर्न सक्दैन। संविधानको धारा ८६(२) मा "सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ। यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरुको अवहेलनामा कारवाही चलाई कानुन बमोजिम सजायँ गर्न सक्छ" भन्ने प्रावधान रहेको छ। यो प्रावधानमा कुनै सीमा संविधानले तोकेको छैन। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(२)(क) को**

---

[१०] ने.का.प. २०६४, अंक ४, नि.नं. ७८४०

[११] ने.का.प. २०४९(ग), अंक ८, नि.नं. ४६०४

प्रतिबन्धात्मक वाक्यांश (१) तथा धारा १३(१) ले गरेको संवैधानिक सीमा नाघेर अदालतको अवहेलना गर्ने छूट कसैलाई छैन। त्यस्तो संवैधानिक सीमा नाघी कसैले अदालतको अवहेलना गरेमा सर्वोच्च अदालत ऐन, २०४८ को दफा ८ आकर्षित भई सो बमोजिम सजाय हुन सक्छ।

२८. नेत्रबन्धु पौडयाल विरूद्ध त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा कार्यरत डा. गोविन्द के.सी. भएको अदालतको अवहेलना मुद्दामा सात जना न्यायाधीस सम्मिलित वृहत्त पूर्ण इजलासबाट कुनै प्रकाशन वा अभिव्यक्ति स्वतन्त्रता तथा अदालतको अवहेलनाका सीमाका सम्बन्धमा देहायको ब्याख्या भएको छ।[१२]

> विचार र अभिव्यक्ति, सूचना तथा सञ्चारसम्बन्धी हकलगायत अन्य मौलिक हकहरूको सम्मान हुने गरी उठेका विषयवस्तुहरूमा सन्तुलितरूपमा प्रयोग गर्नुपर्ने दायित्व अदालतमा रहेको हुन्छ। तर कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्ध गर्छ; अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारवाहीमा भ्रम सिर्जना गर्न खोज्छ भने त्यस्तो कार्य अवश्य पनि अवहेलनाको विषय बन्दछ।

२९. रत्नकुमारी श्रेष्ठ विरूद्ध कान्तिपुर कम्प्लेक्स, सुविधानगर, काठमाडौं स्थित राष्ट्रिय दैनिक कान्तिपुर पब्लिकेसन (प्रा.) लि. का प्रधान सम्पादक सुधिर शर्मासमेत भएको अवहेलना मुद्दामा भ्रामक हल्ला फिजाई काण्ड मच्चाउने कार्य अवहेलनाजन्य कार्य हुने भनी ब्याख्या भएको छ।[१३]

> प्रेस स्वतन्त्रता वैयक्तिक स्वतन्त्रताको आधारस्तम्भ भई संविधान र अन्तर्राष्ट्रिय कानूनले यसलाई सर्वाधिक महत्त्व दिएको भए तापनि यो बन्देजरहित स्वतन्त्रता भने होइन। कुनै पनि स्वतन्त्रताको उपभोगसँगै कर्तव्य र उत्तरदायित्व पनि जोडिएर आउँछ। यो विधिशास्त्रको सार्वभौम मान्यता हो। त्यसकारण प्रेस स्वतन्त्रता वा पूर्ण प्रेस स्वतन्त्रता जेसुकै भनौं त्यसका निश्चित सीमाहरू रहेका हुन्छन् र प्रेस उक्त सीमाभित्र बस्नुपर्छ। तर यसो भन्दैमा प्रेसलाई जुनसुकै प्रकारको अनुचित सीमा वा बन्देज लगाउन मिल्छ भन्ने होइन। संविधान तथा कानूनले प्रेसलाई केही मनासिब सीमाहरू निर्धारण गर्न सक्छ र प्रेस तथा सञ्चार माध्यमहरूले उक्त सीमाभित्र रही स्वतन्त्रताको उपभोग गर्नुपर्छ। नेपालको सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा १९(१) ले सञ्चारको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरे तापनि उक्त

[१२] ने.का.प. २०७८, अंक २, नि.नं. १०६३९

[१३] ने.का.प. २०७६, अंक १०, नि.नं. १०३७०

धाराको प्रतिबन्धात्मक वाक्यांशमा यसका केही सीमाहरू तोकेको देखिन्छ। प्रेस स्वतन्त्रताको हिमायती संविधानले नै प्रेस स्वतन्त्रताको सीमाहरू निर्धारण गरेको देखिन्छ। यसको अर्थ प्रेस स्वतन्त्रताको उपभोग गर्दा अदालतको अवहेलना हुने कार्य गर्न नमिल्ने र त्यसरी अवहेलना गरिएको नगरिएको सम्बन्धमा अदालतबाट न्यायिक परीक्षण गर्न हुने भन्ने नै हो।

३०. कर्ण शमशेर राणा वि.प्रकाश वस्ती भएको अवेहलना मुद्दामा वाक तथा प्रकाशन स्वतन्त्रता र अदालतको अवहेलना बिचको परिसिमनका सम्बन्धमा देहायको सिद्धान्त कायम भएको छ।[१४] प्रेस स्वतन्त्रताका हकमा पनि यो परिसिमन आकर्षित हुन्छ।

**अवहेलनात्मक भए अभिव्यक्तिको स्वतन्त्रताको हक छ भन्न मिल्ने देखिन्न। अदालतको अवहेलनाको घेरा भित्र पस्न खोज्ने बित्तिकै संविधानले प्रदान गरेको वाक् र प्रकाशन स्वतन्त्रताको हक निस्तेज हुन जान्छ। वाक र प्रकाशन स्वतन्त्रताको हकले अदालतको अवहेलनाको सीमा रेखा उल्लंघन गर्न छूट प्रदान गरेको छ भन्न मिल्दैन। कुनै वाक् र प्रकाशन अदालतको अवहेलनाको लक्ष्मण रेखाभित्र पसेको छ,छैन सो कुराको विचार यस अदालतबाट गरिन्छ।**

३१. हामीले प्रेस स्वतन्त्रता र अवहेलनाको कारबाहीमा सन्तुलन हुनुपर्ने, प्रेस स्वतन्त्रता निरपेक्ष नभई संवैधानिक सीमा भित्र रहनु पर्ने र प्रेस स्वतन्त्रताको हकले अदालतको अवहेलनाको कारबाहीलाई परास्त गर्न नसक्ने भन्ने नै न्यायिक विधिशास्त्र विकास गरेका छौं। युट्युब, सामाजिक सञ्जाल प्लेटफर्म तथा यसका प्रयोगकर्ता, डिजिटल पोर्टल, अनलाईन समाचार लगायतका विद्युतीय सञ्चार माध्यम, छापा प्रकाशन, टेलिभिजन र अन्य कुनै पनि सञ्चार माध्यमबाट प्रशारण वा प्रकाशन गर्दा संवैधानिक तथा कानूनी व्यवस्था, पत्रकारका आधारभूत सिद्धान्त र आचारसंहिता लगायतले गरेका परिधिलाई नाघ्ने वा त्यसको पालनाबाट बिचलित भई अदालतको अवहेलना गर्ने छुट कसैलाई पनि हुदैन। सञ्चार माध्यमले अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अदालतको अवहेलना नहुने गरी गर्नुपर्ने कुरा संवैधानिक परिसीमन, पेसागत नैतिकता, आचरण र न्यूनतम मर्यादाको विषय हो। सञ्चार माध्यमले प्रकाशन प्रशारण गर्ने समाचारहरू सत्य हुनुपर्ने र प्रकाशन प्रसारणपूर्व समाचारको सत्यताको परीक्षण हुनुपर्ने कुरा सञ्चार माध्यमको आधारभूत दायित्व र कर्तव्य भित्रको कुरा हो। यस्तो आधारभूत रुपमा पालना गर्नुपर्ने आचरण र दायित्व प्रतिकुल कार्य

[१४] ने.का.प. २०३९ अङ्क ६ पृ. १९

गरिन्छ भने त्यसले त्यस्तो सञ्चार माध्यमको बदनियत रहेको कुरा नै स्थापित गर्दछ। यस्तोमा प्रेस स्वतन्त्रताको दावी निरर्थक हुन्छ।

३२. बहसका क्रममा प्रत्यर्थीतर्फका विद्वान कानून व्यवसायीहरुबाट यस अदालतबाट यसभन्दा पहिले अधिवक्ता तोयानाथ ढुङ्गाना विरुद्ध कान्तिपुर पब्लिकेशन प्रा. लि. सेन्ट्रल बिजेनस पार्क समेत भएको अवहेलना मुद्दामा (०७४-CF-०००९) सात जना न्यायाधीश सम्मिलित रहेको बृहत पूर्ण इजलासबाट भएको फैसलाले उदार, सहिष्णु र संयमित हुनुपर्ने तुलनात्मक विधिशास्त्रको हेक्का राख्नुपर्ने भनी बोलिएकाले Scandalizing the Court मा अदालतको अवहेलना नहुने भन्ने पनि बहसमा जिकिर लिनु भएको छ। सो मुद्दामा अदालतको अवहलेनामा कारबाहीको विषय अदालतको अन्तरनिहित अधिकार हो भन्ने कुरा स्पस्ट रुपमा बोलिएको छ। सो मुद्दामा Scandalizing the Court ले अदालतको अवहेलना नहुने भनी वा प्रेसलाई अदालतको अवहेलनामा कारबाही गरिनु हुँदैन भनी निषेध गरिएको देखिँदैन। बरु **अदालतको स्वतन्त्रता तथा स्वच्छता कायम गर्न, न्यायपालिकाप्रतिको भ्रम फैलाउने कार्यबाट रोक्न र यसप्रतिको जनआस्था अभिवृद्धि गर्नका लागि** अवहेलनाको अस्त्रको प्रयोग हुने भनी बोलिएको देखिन्छ। यसैले विद्वान कानून व्यवसायीले बहसमा जिकिर लिए अनुसार यस फैसलाले अदालतको अवहेलनामा कारबाही गर्न नसकिने भनी व्याख्या गरेको नभई अदालतको अवहेलनामा कारबाही हुने कुरा नै व्याख्या भएको देखिन्छ। यस अवस्थामा सो मुद्दामा भएको व्याख्याका आधारमा यस विवादमा अदालतको अवहेलनामा कारबाही हुनु नपर्ने भन्ने बहस जिकिर तथ्यसंगत देखिँदैन।

३३. तेस्रो प्रश्न अर्थात **विवादित सामग्री के कस्तो प्रकारको छ र यो सामग्री अदालतको अवहेलनाजन्य प्रकृतिको छ वा छैन? विवादित सामग्री प्रेस स्वन्त्रताको परिधि भित्र रहेको छ वा सो सीमा नाघि अदालतको अवहेलनाको क्षेत्रमा प्रवेश गरेको छ ?** भन्ने सम्बन्धमा यस मुद्दाको विषयवस्तु हेर्दा, सिधाकुरा डटकमबाट मिति २०८१।०१।१४ गते र तत्पश्चात श्रृङ्खलाबद्ध रुपमा ४०० बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ्ग अपरेसन समेतको शिर्षक राखी समाचार प्रकाशन प्रशारण भएको देखिन्छ। यस सम्बन्धमा प्रत्यर्थी सिधाकुरा मिडिया नेटवर्क प्रा.लि. का तर्फबाट प्रस्तोता/प्रकाशक युवराज कंडेलले हाम्रो श्रोतबाट केही समय अगाडि एउटा अडियो प्राप्त भयो। हामीले सुशासन कायम गर्नका लागि राज्यको चौथो अंगको हैसियतले श्रोतबाट प्राप्त हुन आएको सामग्रीलाई जस्ताको तस्तै प्रशारण गरेका हौं भनी अडियोको प्रशारण गरेको तथ्यलाई स्वीकार गरी यस अदालतमा बयान गरेको देखिन्छ। विवादित

अडियो सिधाकुरा डट कम नामक पोर्टलमा प्रकाशित भएको हो। त्यही पोर्टलको आधिकारिक सामाजिक संजालबाट प्रसारित भएको हो। श्रोतबाट सिधाकुरा डट कममा इमेलमार्फत अडियो प्राप्त भएको हो। उक्त अडियोलाई समाचारको ढाँचामा म र युवराज कंडेलले प्रकाशन गरेका हौं भनी प्रत्यर्थी सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.का तर्फबाट कार्यकारी सम्पादक नवीन ढुंगानाले पनि यस अदालतमा बयान गरेको देखियो। निजहरुको बयानबाट निजहरुलाई अडियो उपलब्ध गराउने राजकुमार तिमिल्सिनाले अन्नपूर्ण टावरमा सो अडियो वार्तालापको रेकर्ड वहाँहरु कसैले थाहा नपाउने गरी मैले नै गरेको हो भनी बयान गरेको अवस्था छ। यसरी विवादको सामग्री यी राजकुमार तिमिल्सिनाले सृजना गरेको र सोही सामग्री सिधा कुरा डट कमबाट प्रशारण/प्रकाशन भएको कुरामा कुनै विवाद देखिदैन।

३४. यस अदालतको आदेशानुसार विवादको अडियोमा उल्लेख भएका व्यक्तिहरुको लिखित प्रतिकृया माग गर्दा मिति २०८१/१/१४ गतेका दिन सिधा कुरा मिडिया नेटवर्क प्रा.लि.का कार्यक्रम प्रस्तोता प्रकाशक युवराज कँडेल र सोही प्रा.लि.का कार्यकारी सम्पादक नवीन ढुंगानाद्वारा सामग्री सिधा कुरा डट कम अनलाईनमा र युट्युवमा प्रकाशन/ प्रशारण गरिएको सामग्रीमा भएको कथित सम्वादमा आफ्नो संलग्नता र उपस्थितिलाई इन्कार गरी लिखित प्रतिक्रिया व्यक्त गरेको देखिन्छ। यसरी नै प्रत्यर्थी राजकुमार तिमिल्सिनाले बयानमा अडियो तयार गरेपछि फोन गरेको भनी उल्लेख गरेको प्रहरी उपरीक्षक संजय सिंह थापाले प्रस्तुत मुद्दाका विपक्षी राजकुमार तिमिल्सिनाले सम्मानित अदालतमा मलाई रिपोर्टिङ गरेको भनी दिएको बयानको व्यहोरामा सत्यता नभएको/नरहेको भन्ने लिखित जवाफ रहेको देखियो। सिधा कुरा मिडिया नेटवर्कलाई विवादित अडियो उपलब्ध गराउने राज कुमार तिमिल्सिनाले उक्त अडियो क्लिप मिति २०७७।१२।३० गते १७ देखि १८ बजे बिचमा काठमाण्डौ जिल्ला तिनकुने स्थित अन्नपूर्ण पोस्टको प्रधान कार्यालय रहेको भवनमा अधिवक्ता किशोर कुमार बिस्ट लगायतका व्यक्तिहरुको उपस्थितिमा रेकर्ड गरिएको भन्ने बेहोरा रहेको छ। तर प्रहरीबाट भएको छानबिनको क्रममा प्राप्त हुन आएको अडियो फाइलको प्राविधिक परीक्षण, उक्त अडियोमा आवाज रहेको तथा अडियो क्लिप रेकर्ड गर्दा उपस्थित रहेको भनी खुल्न आएका व्यक्तिहरुको घटना विवरण कागज र मोबाइलको प्राविधिक परीक्षणसमेतका आधारमा सो बेहोरा पुष्टि भएको नदेखिएको भन्ने प्रहरी नायब महानिरीक्षक नबिन्द अर्यालसमेतको अनुसन्धान प्रतिवेदन रहेको देखिन्छ।

३५. यसरी अडियोमा उल्लिखित व्यक्तिहरुले अडियोमा आफ्नो संलग्नता नरहेको भनी लिखित प्रतिक्रिया व्यक्त गरेका छन्। प्रत्यर्थी राज कुमार तिमिल्सिनाले बयानमा तत्काल फोन गरेको भनिएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रहरी उपरीक्षक संजय थापाले आफूलाई रिपोर्टिङ गरेको कुरामा सत्यता नभएको भनी प्रतिक्रिया दिएको पाइन्छ। विवादित सामग्रीमा उल्लेख भएका यस अदालतका माननीय न्यायाधीश आनन्द मोहन भट्टराई अडियोमा उल्लेख भएकोमा संवैधानिक इजलासबाट मिति २०७८।१।८ मा फैसला भएको स्टिङ्ग अपरेशन सम्बन्धी सो रिट निवेदनको इजलासमा रहनु भएको देखिदैन। संवैधानिक इजलासमा बिचाराधिन सो रिट निवेदनमा अडियोमा उल्लेख भए जस्तो साक्षी बकपत्रको कार्यविधि अवलम्बन पनि गरिदैन। अडियो वार्तालाप भएको भनिएको कथित मितिभन्दा अगावै मिति २०७७।८।२४ मा नै सुनुवाई समाप्त भई निर्णय सुनाउनका लागि मिति तोकिएको देखिन्छ। यसरी सुनुवाई समाप्त भई निर्णय सुनाउन मिति तोकिएकोमा थप सुनुवाईको अवस्था नै नहुनेमा अडियो वार्तालापमा भन्न खोजिए अनुसार प्रत्यर्थी राजकुमारलाई भनाई राख्न दिने भन्ने कुरा हुनै नसक्ने अवस्थाको भएकोले न्यायाधीश वा कानून व्यवसायीले त्यस्तो कुरा भनेको भन्ने कथित अडियो सामग्री बनावटी वा कृत्रिम वा काल्पनिक हो भन्ने कुरामा द्विविधा मान्नुपर्ने देखिदैन। अडियोमा उल्लेख भएको संवैधानिक इजलासबाट फैसला भएको रिट निवेदनमा कानून व्यवसायी रहेका भनिएका बरिष्ठ अधिवक्ता हरि प्रसाद उप्रेती र अधिवक्ता किशोर बिस्टले बहस पैरवी गरेको भन्ने पनि देखिदैन। सो रिट निवेदन फैसला भए पछि पनि कतिपय त्यस्ता प्रकृतिका मुद्दामा सबुद प्रमाणको आधारमा कसूर ठहर भई सजाय भएको देखिएकाले त्यसपछि सबै मुद्दामा प्रत्यर्थीले सफाई पाएको भनी तथ्यहिन र झुठा समाचार प्रशारण गरिएको देखियो। यस्ता अमिल्दो वा असंगत कुराहरु उल्लेख गरी काल्पनिक, अस्वभाविक, दुरासय तथा दुर्भावनायुक्त, तथ्यहिन र भ्रमपूर्ण अडियो सृजना गरिएको भन्ने स्पस्ट छ। यसैले, विवादित सामग्री भ्रामक, कपोलकल्पित र मिथ्या रहे भएको देखिन्छ। यसरी नियोजित रुपमा काल्पनिक अडियो बनाई अवाञ्छित कलुषित हल्ला वा अफवाह फैलाई अदालतप्रति भ्रम श्रृजना र अदालतको जनआस्थामा आघात पारी न्यायको प्रवाहलाई अवरुद्ध गर्ने वा न्याय सम्पादनमा अवरोध श्रृजना गर्ने कार्य गरी अदालतको अवहेलना हुने कार्य गरेको देखियो।

३६. यसका साथै सिधा कुरा डटकमले तीन वर्ष अगाडि रेकर्ड गरेको भनिएको अरु सञ्चार माध्यमले प्रकाशन प्रशारण नगरेको स्वकल्पित, स्वसृजित, झुठा, कृत्रिम र काल्पनिक अडियोलाई प्रेसले सत्यताको पहिचान र परीक्षण गर्ने आधारभूत दायित्व पुरा नगरी प्रशारण

गरिएको देखिएकोले यस्तो कार्य प्रेस स्वतन्त्रताको दायरा भित्र पर्ने देखिदैन। साथै, प्रेस स्वतन्त्रताका आवरणमा यस किसिमको झुठा सामग्री प्रकाशन प्रशारण गरी अदालतको अवहेलना गर्ने कार्य स्वीकार्य हुन सक्दैन। त्यसैले, विवादित सामग्री उत्पादन, प्रकाशन र प्रशारणबाट प्रेस स्वतन्त्रताको सीमा उल्लंघन गरी अदालतको अवहेलना भएको पुष्टि/स्थापित हुन आयो।

३७. चौथो प्रश्न अर्थात **अदालतको अवहेलना मुद्दामा के कस्तो कार्यविधि हुन्छ ? र स्वच्छ सुनुवाईको प्रकृयालाई अबलम्बन गरिएको छ वा छैन ?** भन्ने सम्बन्धमा हेर्दा प्रत्यर्थी तर्फबाट रहनु भएका विद्वान अधिवक्ताहरुले यस मुद्दामा कार्यविधिको पालना सहि रुपमा नभएको र स्वच्छ सुनुवाईलाई पनि अबलम्बन नगरेको भनी बहस र बहसनोटमा जिकिर लिनु भएकाले तत्सम्बन्धमा दृष्टिगोचर गर्नु आवश्यक देखियो। सर्वोच्च अदालत नियमावली, २०७४ ले अदालतको अवहेलना सम्बन्धी कार्यविधिको सामान्य व्यवस्था गरेको छ। यस नियमावलीको नियम ५९ को उपनियम (५) ले यस नियममा उल्लेख भए बाहेक अदालतको अवहेलना सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्दा अदालतले उपयुक्त ठानेका कार्यविधि अपनाउन सक्ने गरी अधिकार प्रदान गरेको छ र यही अधिकारका आधारमा अदालतले मुद्दाका कारबाहीको प्रकृयामा उपयुक्त कार्यविधि अबलम्बन गर्दै आएको छ। यस्तोमा कार्यविधिको अनुशरण भएन भन्ने जिकिर तर्कसंगत र यस नियम अनुरुप देखिएन।

३८. जहाँसम्म राजकुमार तिमिल्सिनाको सुरु प्रतिवेदनमा नाम नरहेको हुँदा इजलासबाट प्रत्यर्थी कायम गर्न नमिल्ने भन्ने बहसनोटमा जिकिर छ, सम्पादक तथा प्रकाशकको बयानबाट विवादित सामग्री उपलब्ध गराउने राजकुमार तिमिल्सिना हुन् भन्ने देखिएकोले निजलाई इजलासको आदेशबाट निज उपर किन कारबाही हुनु नपर्ने भनी बयानका लागि उपस्थित गराउने आदेश भई बयान गराइएको र निज राजकुमार तिमिल्सिनाले विवादित झुठा सामग्री आफूले बनाएको भनी यस अदालतमा गरेको बयानमा स्वीकार गरेको देखिन्छ। यस अवस्थामा निज प्रत्यर्थी कायम भएकाले उल्लिखित नियमावलीको नियम ५९ को उपनियम (५) अनुरुप नै रहेकाले, कार्यविधिगत त्रुटी रहेको भन्ने बहस जिकिर मनासिब देखिदैन।

३९. हामी स्वच्छ सुनुवाईका हिमायती हौं। स्वच्छता न्यायको प्रमुख बिशेषता हो र स्वच्छ सुनुवाईको अधिकार आधारभूत मानव अधिकार हो भन्ने हाम्रो मान्यता छ। स्वच्छ सुनुवाई न्यायको आत्मा हो। न्याय सम्पादनका लागि स्वच्छ सुनुवाइका व्यवस्थाहरु अबलम्बन हुनु पर्छ भन्ने यस अदालतको अटल धारणा रही आएको छ। अदालतबाट हुने न्याय सम्पादनका कार्यहरु स्वच्छ सुनुवाईको मान्यताबाट अनुप्राणित हुँदै आएको सबैलाई ज्ञात

भएको विषय हो। स्वच्छ सुनुवाईको अभावमा न्यायको आत्मा नै मर्ने र न्याय नै परास्त हुने हुन्छ। यस्तोमा स्वच्छ सुनुवाईको मान्यतालाई यस अदालतबाट उपेक्षा गर्ने वा पालना नगर्ने भन्ने कुरा सोच सम्म पनि गर्न नसकिने विषय हो। यस मुद्दामा स्वच्छ सुनुवाईको मान्यता प्रतिकुल हुने गरी कुनै कार्य भए गरेको अवस्था नहुँदा प्रत्यर्थीतर्फबाट रहनुभएका कानून व्यवसायीले स्वच्छ सुनुवाई नभएको भनी लिएको जिकिर यथार्थपरक छैन।

४०. प्रत्यर्थीका तर्फबाट रहनु भएका विद्वान अधिवक्ताहरुले बहसनोटमा विवादित अडियोको प्राविधिक प्रतिवेदनको नक्कल माग गर्दा दिइएन भनी जिकिर लिनु भएकोले सो तर्फ पनि हेर्नुपर्ने देखियो। अदालतमा रहेका कागजातहरु कानूनले गोपनीयता कायम गर्नुपर्ने अवस्थामा बाहेक गोप्य राख्नु पर्ने हुँदैन। त्यस्ता कागजको सरोकारवालाले नक्कल माग गरेमा नक्कल प्राप्त हुने हुन्छन्। नक्कल लिने प्रकृयात्मक व्यवस्था सर्वोच्च अदालत नियमावली, २०७४ मा व्यवस्थित छन्। यदी कसैले नक्कल दिन इन्कार गरेमा त्यसका बिरुद्ध पनि विधिसम्मत प्रकृयाहरु रहेका छन्। यी प्रत्यर्थीको तर्फबाट त्यस्तो विधिसम्मत प्रकृया अबलम्बन गरेको देखिदैन। प्रत्यर्थी तर्फबाट पेश भएको बहसनोटको अनुसूचीमा पेश भएको नक्कलसँग सम्बन्धित लिखित बक्तब्य सर्वोच्च अदालतमा चढाएको भन्ने उल्लेख छ तर दर्ता वा दरपीठ भएको देखिदैन। यस अवस्थामा लिखत कागजातको नक्कल नदिएको भन्ने कुरा तथ्यसंगत, स्वभाविक र प्रतितलायक छैन।

४१. **पाँचौ प्रश्न अर्थात प्रस्तुत मुद्दामा दोहरो खतराको सिद्धान्त आकर्षित हुन्छ वा हुँदैन ? यस अदालतको अवहेलना मुद्दामा भएको फैसलाबाट मातहत अदालतमा रहेका मुद्दामा प्रभाव पार्ने अवस्था हुन्छ वा हुँदैन ?** भन्ने सम्बन्धमा हेर्दा यी प्रत्यर्थीहरु उपर काठमाण्डौं जिल्ला अदालतमा प्रस्तुत अवहेलना गरिएको सामग्रीका सम्बन्धमा विद्युतीय(इलेक्ट्रोनिक) कारोवार ऐन अन्तर्गतको कसूर र अपमानजनक व्यवहार सम्बन्धी कसुरमा अभियोजन गरी बिचाराधिन रहेकाले अदालतको अवहेलना कारबाही गर्न दोहरो खतराको सिध्दान्तले निषेध गर्दछ भन्ने कुरा पनि प्रत्यर्थीहरुतर्फ बाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता र अधिवक्ताहरुले उठाउनु भएकाले त्यस सम्बन्धमा पनि यहाँ संक्षेपमा चर्चा गर्न आवश्यक र सान्दर्भिक देखियो। अदालतको अवहेलनामा कारबाही हुने र विद्युतीय कारोबारको कसूर फरक-फरक कसूर हुन्। कुनै कार्यका सम्बन्धमा एकभन्दा बढी कानून अन्तर्गतको कसूर हुन्छ भने त्यस्तो कसूरमा एक वा सो भन्दा बढी मुद्दा चल्न सक्ने हुन्छ। यस्तोमा दोहरो खतराको सिद्धान्त बाधक हुँदैन। दोहरो खतराको सिद्धान्तले कुनै एकै कसूरमा पटक पटक सजाय गर्न निषेध गरेको हो तर अदालतको अवहेलनाको कसूर र विद्युतीय

कारोबारको कसूर फरक- फरक भएकाले यहाँ दोहोरो खतराको सिद्धान्त आकर्षित हुने देखिदैन। यसैले विद्युतीय कारोबारको कसूर र अपमानजनक व्यवहारको कसूरमा मातहत अदालतमा अभियोजन भएको भन्ने आधारमा अदालतको अवहेलनामा कारबाही र सजाय हुन नसक्ने भन्ने अर्थ गर्न मिल्दैन।

४२. जहाँसम्म यस अदालतको अवेहलना मुद्दामा भएको फैसलाले मातहत अदालतमा विचाराधिन ती मुद्दाहरुमा असर पर्छ भन्ने प्रत्यर्थी तर्फका विद्वान कानून व्यवसायीहरुको जिकिर छ, विचाराधिन ती मुद्दामा मिसिल प्रमाणको मुल्यांकन गरी आरोपित कसूर भए नभएको निरुपण गर्न मातहत अदालत स्वतन्त्र र स्वायत्त छन्। अदालतको अवहेलनामा भएको फैसलाले ती मुद्दाहरुमा प्रतिकुल वा अनुकुल कुनै पनि किसिमको प्रभाव पर्ने अवस्था रहदैन।

४३. **अन्तिम प्रश्न अर्थात प्रत्यर्थीहरुबाट अदालतको अवहेलना हुने कसूर भएको छ वा छैन? निजहरुलाई प्रतिवेदन मागबमोजिम अदालतको अवहेलनामा सजाय हुनु पर्ने हो वा होईन? भन्ने सम्बन्धमा हेर्दा,** माथिल्ला प्रकरणहरुमा विश्लेषण गरिएअनुसार विवादित सामग्री सत्यतामा आधारित नभई भ्रामक, झुठा, बनावटी, काल्पनिक, स्वकल्पित र स्वसृजित रहेको पुष्टि हुन आएको छ। यस्तो सामग्री प्रकाशन प्रशारण गर्दा सत्यताको परीक्षण गर्ने सम्पादक/प्रकाशकको आधारभूत दायित्व निर्वहन भएको पाइदैन। यति गम्भीर र संवेदनशील सामग्री प्रशारण गर्नुपूर्व यसको सत्यताको परीक्षणका लागि अदालत वा न्याय प्रशासनको जिम्मेवारीमा रहेका अधिकारीसंग कुनै सम्पर्कको प्रयाससमेत गरेको देखिएन। यी सबै तथ्य र माथिल्ला प्रकरणहरुमा विश्लेषण गरिएका आधार प्रमाणहरुबाट प्रत्यर्थीहरु राजकुमार तिमिल्सिना, नविन ढुंगाना र युवराज कंडेलले अदालतको न्याय सम्पादन सम्बन्धी कार्यमा अवरोध गर्ने उद्धेश्य, बदनियत, दुरासययुक्त र प्रवृत्त भावना राखी विवादित सामग्री उत्पादन तथा प्रशारण गरी अदालत, न्यायिक प्रकृया र समग्र न्यायप्रणालीप्रति भ्रामक हल्ला फिँजाई भ्रम र अनास्था पैदा गरी अदालतको गरीमा र मर्यादामा आँच पुऱ्याएको देखिन आयो। त्यसैले यी प्रत्यर्थीहरु तीनै जनाले न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) र (४) बमोजिम अदालतको अवहेलनाको कसूर गरेको पुष्टी हुन आयो।

४४. अब निजहरुलाई के कति सजाय हुनुपर्ने भन्ने सम्बन्धमा हेर्दा, अदालतको अवहेलनामा अदालतले सामान्यत: विपक्षीलाई चर्को सजाय गर्ने भन्दा पनि विपक्षीको काम कारवाही वा आचरणबाट न्याय सम्पादनमा परेको अवरोधको न्युनिकरण र पुर्ताल गर्ने एवम् आगामी दिनमा कहीं कतैबाट न्याय सम्पादनको कार्यमा अवरोध पुग्ने अवहेलनाजन्य कार्यको

पुनरावृति नहोस भन्ने दृष्टिकोण लिनु उचित ठानिन्छ। तथापि प्रत्यर्थीहरुबाट जसरी यस अदालत, न्यायिक प्रकृया र समग्र न्यायप्रणाली प्रति नै अनास्था पैदा हुने गरी यस अदालतका न्यायाधीश तथा वरिष्ठ अधिवक्ता र अधिवक्ताहरुको साँठगाँठबाट संवैधानिक इजलासबाट फैसला गरिएको भनी झुट्ठा, बनावटी र स्वकल्पित सामग्रीको उत्पादन र प्रशारण गरिएको छ यस्तो सुनियोजित, बदनियतपूर्ण र दुराषययुक्त कार्यका लागि प्रत्यर्थीहरुले गरेको कसूरको प्रकृति, गम्भीरता, कार्यशैली, आवृति र निजहरुमा भएको पश्चातापबोध र क्षमायाचनाको भाव समेतका पक्षलाई दृष्टिगत गरी देहाय बमोजिम हुने गरी आदेश गरिएको छः-

क. प्रत्यर्थी मध्येका राजकुमार तिमिल्सिनाको हकमा निजले नै उल्लिखित झुट्ठा र काल्पनिक सामग्रीको उत्पादन गरी प्रशारण गर्नका लागि अन्य प्रत्यर्थीहरुलाई दिएको देखिंदा निजलाई उक्त कार्यको प्रकृति, गाम्भीर्य र दोषको मात्रा अनुसार न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम ६(छ) महिना कैद सजाय हुने ठहर्छ। निज विरुद्द यस अदालतमा चलेको प्रस्तुत मुद्दाको कारवाहीको प्रकृयामा समेत निजमा कुनै पश्चातापबोध र क्षमायाचनाको भाव समेत नदेखिएको हुँदा ठहरेको कैदको सजाय थुनामा नै राखी कार्यान्वयन गर्नु।

ख. प्रत्यर्थी मध्येका नवीन ढुंगाना र युवराज कंडेलका हकमा उल्लिखित सामग्री निजहरुले आँफै उत्पादन गरेको नभई अर्का प्रत्यर्थी राजकुमार तिमिल्सिनाले उत्पादन गरी ल्याइदिएको तर निजहरुले उक्त सामग्रीको सत्यापन परीक्षण गर्नुपर्ने आमसञ्चारमा संलग्न जो सुकै व्यक्तिले अनिवार्य रुपमा गर्नुपर्ने न्युनतम प्रकृया समेत पुरा नगरी आफ्नो सञ्चार माध्यममा पटक पटक उक्त सामग्री प्रकाशन गरी अदालतप्रति भ्रम फैलाउने र अनास्था पैदा गर्ने कार्य गरेको एवम् उक्त कार्यलाई केबल लापरवाही वा हेलचेत्र्याइ मात्र मान्न सकिने स्थिति नभई यस अदालत, अदालतका न्यायाधीश र समग्र न्यायिक प्रकृयाका बारेमा अफवाह फैलाई न्यायसम्पादन गर्ने कार्यमा अवरोध श्रृजना गर्ने बदनियतले नै गरेको पुष्टि भएकाले निजहरुको उक्त कार्यको प्रकृति, गाम्भीर्य र दोषको मात्रा अनुसार न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम निजहरुलाई जनही ३ (तीन) महिना कैद सजाय हुने ठहर्छ।

ग. तथापि प्रत्यर्थी मध्येका नवीन ढुंगाना र युवराज कंडेलले यस अदालत समक्ष गरेको बयानमा आफूहरुको उद्देश्य अदालतको अवहेलना गर्ने नभई केवल प्राप्त सामग्रीको प्रशारण सम्म गरेको भनी क्षमायाचना गरेको भए तापनि निशर्त क्षमायाचना गरेको नदेखिंदा निजहरुले उल्लिखित अवहेलनाजन्य कार्यका लागि यस अदालतमा उपस्थित भै निशर्त क्षमायाचना तथा पुन: त्यस्तो कार्य नदोहोऱ्याउने लिखित प्रतिबद्दता ब्यक्त गरेमा निजहरुलाई ठहरेको कैदमध्ये ७ (सात) दिन मात्र थुनामा राखी सो बाहेकको बाँकी कैद तत्काल निलम्वन गरिदिने, यदि क्षमा याचना नगरेमा वा पुन: त्यस्तो कार्य नदोहोऱ्याउने प्रतिवद्दता ब्यक्त नगरेमा तोकिएको पुरै सजाय भोग्नुपर्ने साथै निजहरु उपर भविष्यमा अन्य कुनै मुद्दाबाट अदालतको अवहेलनाको कसूर ठहर भएमा हाल निलम्वित कैद समेत थपी कार्यान्वयन गर्नु भनी अभिलेख राखु।

घ. प्रत्यर्थी मध्येका सिधा कुरा डट कमका हकमा यस अदालत र समग्र न्यायप्रणाली प्रति भ्रम फैलाउने र अनास्था पैदा गर्ने गरी आफ्नो सञ्चार माध्यममा पटक पटक उक्त सामग्री प्रकाशन र प्रशारण गरेकाले उक्त कार्य न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम अवहेलनाजन्य कसूर भएकाले निजलाई रु.५०००।(पाँच हजार रुपैंया) जरिवाना हुन्छ। तर निजले उल्लिखित सामग्री स्रोतलाई विश्वास गरी सत्य तथ्य परीक्षण नगरी प्रकाशन प्रसारण हुन गएको भनी क्षमायाचना सहित सम्वन्धित माध्यम वा कार्यक्रम मार्फत यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र भुल सुधार प्रकाशन वा प्रशारण गरी यस अदालतलाई जानकारी गराएमा सो जरिवानाको अभिलेख समेत नरहने गरी लगत कट्टा गरिदिनु। सो बमोजिमको भुल सुधार प्रकाशन प्रशारण नगरेमा सरकारी बाँकी सरह असुल उपर गर्नु भनी फैसला कार्यान्वयन निर्देशनालयमा लेखी पठाउनू।

४५. यस अतिरिक्त, अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरु सञ्चालनपूर्व अनिवार्य रुपमा साधिकार निकायमा दर्ता गरी प्रेश काउन्सिल लगायतका नियमनकारी निकायबाट नियमन हुन सक्ने गरी आवश्यक कानूनी प्रवन्ध गर्ने, प्रेश काउन्सिलको क्षमता विकास तथा प्रेश स्वतन्त्रताको अझ उन्नत तरिकाले संरक्षण र सम्वर्धन गर्नका

लागि प्रेश क्षेत्रका नीतिगत, कानूनी र संरचनागत सुधार समेतका विषयहरुका लागि आवश्यक निर्देशनात्मक आदेश पूर्णपाठमा समावेश गरिनेछ।

४६. प्रस्तुत फैसलाको पूर्णपाठ तयार गर्न समय लाग्ने भएकाले यो संक्षिप्त आदेश जारी गरिएको छ।

| | | |
|---|---|---|
| न्यायाधीश | न्यायाधीश | प्रधान न्यायाधीश |
| न्यायाधीश | न्यायाधीश | न्यायाधीश |
| न्यायाधीश | न्यायाधीश | न्यायाधीश |

इति संवत् २०८१ साल असोज महिना १३ गते रोज १ शुभम् ------------------------।